# वीरगञ्ज उद्योग वाणिज्य सङ्घ
# Birgunj Chamber of Commerce & Industries

**BiCCI**

सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ

वीरगञ्ज महानगरपालिका वडा नं. ४
जिल्ला पर्सा, मधेश प्रदेश, नेपाल


पत्र संख्या : 8/०८३-०८४

मिति : २०८३/४/५

**जीतपुर सिमरा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा ।

विषय : **<u>कर सङ्कलन तथा असुल गरिएको गैरकानूनी कर फिर्ता सम्बन्धमा ।</u>**

महोदय,

त्यस जीतपुर सिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट जडिबुटी, कबाडी तथा जीवजन्तु कर सङ्कलनका लागि ठेक्का लिएका अमित ठेक्का पट्टा, वीरगञ्ज म.न.पा.-१७, वीरगञ्जले इँट्टा, काठ, पिना, कोइला र क्लिंकरमा समेत कर सङ्कलन गरिरहेकोप्रति यस सङ्घको गम्भीर ध्यानकर्षण भएको छ ।

सर्वप्रथम स्थानीय निकायले आफ्नो अधिकार क्षेत्रभित्र ऐन नियमको अधिनमा रही कर सङ्कलन गर्न पाउने अधिकार स्थानीय स्वायत्त शासन ऐनले प्रदान गरेको छ । तर अधिकार क्षेत्रको परिधिभित्र रही सङ्कलन गर्नु पर्नेमा परिधि नाघी कर संकलन गर्न नपाउने वस्तुहरुमा समेत त्यस उपमहानगरपालिकाबाट ठेक्का सकार गरेका ठेक्केदार अमित ठेक्का पट्टाले कर सङ्कलन गरेको कार्य गैरकानूनी एवम् अन्यायोचित रहेको छ ।

स्थानीय तहभित्र संकलन हुने वा उत्पादन हुने जडिबुटी, कबाडी तथा जीवजन्तुहरुको हडी, छाला, भुत्ला आदि वस्तुहरुमा कर संकलन गर्न पाउनेमा इँट्टा भट्टाका मुख्य उत्पादन इँट्टामा कसरी कर लाग्छ ? त्यस्तै जङ्गलबाट प्राप्त हुने काठमा कसरी कर लाग्छ ? त्यसैगरी कोइला स्थानीय उद्योगबाट उत्पादन हुने By-Product नभई यी वस्तु भारत वा विदेशबाट मात्र आयात हुने भएकोले कोइलामा कसरी कर लाग्छ ? र क्लिंकर नेपालमैं उत्पादन हुने भए पनि यी वस्तु कुनै पनि उद्योगको By–Product नभई मुख्य उत्पादन भएकोले यी वस्तुहरुमा कसरी कर लाग्छ ? यी वस्तुहरुमा समेत स्थानीय कर लगाएको कारण उद्योगहरुको उत्पादन लागत बढ्न गइरहेकोले यस्ता उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमतामा समेत ह्रास आइरहेको छ । अतः त्यस उपमहानगरपालिकाले ठेकेदार मार्फत उठाइरहेको स्थानीय करको सूचीबाट यस्ता वस्तुहरुलाई हटाउन हुन अनुरोध छ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घ
Birgunj Chamber of Commerce & Industries
BiCCI
वीरगञ्ज महानगरपालिका वडा नं. ४
जिल्ला पर्सा, मधेश प्रदेश, नेपाल
सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ
पत्र संख्या :

कुनै पनि उद्योगको मुख्य उत्पादन र भारत वा विदेशबाट आयातित वस्तुहरुमा कबाडी कर नलाग्नेमा यस्ता वस्तुहरुमा समेत लगाइएको पाइएकोले यी वस्तुहरुलाई कर लगाउन पाउने वस्तुहरुको सूचीबाट हटाई पाउन अनुरोध छ । साथै मिति २०८३/४/२ गते २००३, ७६१ र १३९४ नं.को सवारीसाधनबाट ठेक्केदार अमित ठेक्का पट्टाले नियम विपरीत कोइलामा कर असुल गरेकोले असुल गरेको गैरकानूनी कर सम्बन्धित उद्योगी/व्यवसायीलाई फिर्ता गराई दिन हुन अनुरोध छ ।

**संलग्न :**

क) कर संकलन गर्न तयार पारेको वस्तुहरुको सूची ।

ख) ठेकेदारले कोइलामा कर असुल गरेको रसिदको फोटोकपी ।

भवदीय,

**हरिप्रसाद गौतम**

(अध्यक्ष)

**बोधार्थ :**

**१. माननीय मन्त्रीज्यू,**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

**२. माननीय अर्थमन्त्रीज्यू,**
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

**३. श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,**
जिल्ला प्रशासन कार्यालय
पर्सा, वीरगञ्ज ।

**४. श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,**
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया ।